# आकाशवाणी समाचार- नेपाली

मितिः २१ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले आत्मनिर्भर भारत बारे ज़ोर दिंदै भन्नुभएको छ कि भारतको सबै भन्दा ठुलो शत्रु विदेशहरु माथि भारतको निर्भरता हो अनि देशलाई यसबाट बाहिर निकाल्न पर्नेछ।
- केंद्रीय वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलको नेतृत्वमा एक प्रतिनिधिमण्डल व्यापार वार्ताका लागि भोलि अमेरिका प्रस्थान गर्दैछ।
- केंद्रीय गृह मंत्री अमित शाहले आगामी बर्ष मार्च महिना सम्ममा देश बाट वामपंथी उग्रवाद पूर्ण रुपमा समाप्त हुने बताउनु भएको छ।
- मौसम विभागले आज असम, मेघालय, नागालैंड, मणिपुर, मिज़ोरम, त्रिपुरा अनि तेलंगानामा बेग्ला -बेग्लै स्थानहरुमा भारी वर्षा हुने संभावना व्यक्त गरेको छ।
- एसिया कप टी–२० क्रिकेटको सुपर फोरको दोस्रो खेलमा आज भारत र पाकिस्तान बीच भिडन्त हुनेछ।

**प्रधानमंत्री-गुजरात**

प्रधानमंत्री नरेंद्र मोदीले आत्मनिर्भर भारत बारे ज़ोर दिंदै भन्नुभएको छ कि भारतको सबै भन्दा ठुलो शत्रु विदेशहरु माथि भारतको निर्भरता हो अनि देशलाई यसबाट बाहिर निकाल्न पर्नेछ। उहाले सेमीकंडक्टर चिप्स देखि लिएर जहाजहरु सम्म सबै क्षेत्रहरुमा घरेलू उत्पादनको महत्व बारे उल्लेख गर्नुभयो। श्री मोदीले हिज गुजरातको भावनगरमा 'समुद्र से समृद्धि' कार्यक्रममा भन्नुभयो - 140 करोड़ भारतीयहरुको भविष्य बाहीरी शक्तिहरुको हाथमा छोड्न सकिंदैन न त राष्ट्रीय विकासको प्रतिबद्धता विदेशहरु माथि निर्भर हुन सक्छ। उहाले घोषणा गर्नुभएको छ कि सैकडों समस्याहरुको एउटै समाधान छ : आत्मनिर्भर भारतको निर्माण। प्रधानमंत्रीले भनुभयो – यस लक्ष्यलाई प्राप्त गर्नको लागि चुनौतिहरुको सामना गर्न पर्नेछ , बाहीरी निर्भरता कम्ति गर्न पर्नेछ अनि साचो आत्मनिर्भरताको प्रदर्शन गर्न पर्नेछ। श्री मोदीले भन्नुभयो कि बर्ष 2047 सम्म विकसित भारतको सपनालाई साकार गर्नको लागि एक आत्मनिर्भर राष्ट्रको रूपमा बिश्वको अघि भारत उभिने समय आएको छ। उहाले भन्नुभयो - वैश्विक शांति, स्थिरता अनि समृद्धिको लागि विश्वको सबै भन्दा अधिक जनसंख्या भएको देशलाई आत्मनिर्भर बनाउनु पर्नेछ। भारतलाई एक समुद्री महाशक्ति बनाउने आफ्नो सरकारको दृष्टिकोण बारे उल्लेख गर्दै प्रधानमंत्रीले भन्नुभयो कि देशको लक्ष्य बर्ष 2047 सम्म वैश्विक समुद्री व्यापारमा आफ्नो हिस्सेदारीलाई तीन गुना बढ़ाउनु छ। उहाले भन्नुभयो कि भारतको तट सदैव समृद्धिको प्रतीक रहेको छ र अब यसको समुद्री तट भारतको भविष्यको विकासको प्रवेश द्वार बन्नेछ। उहाले घोषणा गर्नुभयो कि यो क्षेत्रले चाडैनै "एक राष्ट्र, एक बंदरगाह प्रक्रिया" लाई अपनाउने छ जसको उद्देश्य देशभरिनै बंदरगाह प्रक्रियालाई सरल बनाउनु हो। कार्यक्रमको अवधि , प्रधानमंत्रीले 32 हजार करोड़ रुपियाँ भन्दा अधिकको बिभिन्न परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुभयो। श्री मोदीले 7 हजार आठ सय करोड़ रुपियाँ भन्दा अधिक लागतको अनेक ठुलो समुद्री परियोजनाहरु साथै मुंबई अंतर्राष्ट्रीय क्रूज़ टर्मिनलको पनि उद्धाटन गर्नुभयो। प्रधानमंत्रीले धोलेरा स्मार्ट सिटीको हवाई सर्वेक्षण पनि गर्नुभयो।

**गृहमंत्री-पीवीटी चैनल साक्षात्कार**

केंद्रीय गृह मंत्री अमित शाहले भन्नुभएको छ कि आगामी बर्ष मार्च महिना सम्ममा देश बाट वामपंथी उग्रवाद पूर्ण रुपमा समाप्त हुनेछ। एक निजी चैनललाई दिएको साक्षात्कारमा श्री शाहले भन्नुभयो कि सरकारको प्रयासहरु द्वारा बिगत एक दशकमा पूर्वोत्तर अनि वामपंथी उग्रवाद प्रभावित क्षेत्रहरु सहित तीन प्रमुख क्षेत्रहरुमा हिंसक घटनाहरुमा 75 प्रतिशतको कमी आएको छ।नरेंद्र मोदी सरकारको उपलब्धिहरु बारे उल्लेख गर्नुहुँदै गृह मंत्रीले भन्नुभयो कि बिगत 11 बर्षहरु भन्दा पनि कम्ति समयमा सरकारले लगभग 60 करोड़ मानिसहरुलाई घर , बिजुली , शौचालय, पिउने पनि अनि 5 लाख रुपियाँको स्वास्थ्य बीमा प्रदान गरेको छ।

BYTE

विदेश मंत्रालय-अमरीका एच-1बी वीज़ा

भारतले भनेको छ कि एच- 1बी वीज़ा आवेदनहरु माथि एक लाख डॉलरको शुल्क लगाउने अमरीकाको निर्णयको प्रभावहरु बारे जाँच गरिरहको छ तर यस कदमको मानवीय परिणाम पनि हुनु सक्छ। विदेश मंत्रालयले भनेको छ कि भारतीय उद्योग सहित सबै सम्बन्धित पक्षले अमरीकाको एच-1बी वीज़ा कार्यक्रम माथि प्रस्तावित प्रतिबंधहरुको पूर्ण प्रभावहरु बारे अध्ययन गरिरहेको छ। विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालले एक बयानमा भन्नुभयो कि भारत अनि अमरीका दुवैको उद्योगहरुको नवाचार अनि सृजनतामा रुचि छ अनि यसले अघिको समुचित मार्ग माथि विचार-विमर्श गर्ने आशा गर्न सकिनेछ। उहाले भन्नुभयो - भारत सरकारलाई आशा छ कि अमरीकी अधिकारीहरुले यी बाधाहरुको उचित समाधान निकल्नेछ। श्री जायसवालले भन्नुभयो - कुशल प्रतिभाहरुले अमरीका अनि भारतमा प्रौद्योगिकी विकास, नवाचार, आर्थिक विकास, प्रतिस्पर्धात्मकता अनि धन सृजनमा धैरै ठुलो योगदान दिएको छ।

अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रंपले गत शुक्रवार एक घोषणा माथि हस्ताक्षर गर्नुभएको थियो जस अन्तर्गत कुशल विदेशी कामगारहरुका लागि एच-1बी वीजा आवेदनहरु माथि एक लाख डॉलरको शुल्क लगाईएको छ। यसले गर्दा वैश्विक अनि भारतीय कंपनिहरुमा काम गरिरहेका एच-1बी वीजा धारक भारतीय नागरिकहरु साथै धैरै विदेशी कामगारहरु माथि प्रभाव पर्ने सम्भावना छ। यो आदेश आज देखि लागू हुनेछ। यसै बीच, भारत सरकारले आफ्नो समाई मिशनहरुलाई अघिल्लो 24 घन्टामा अमरीका फर्किने भारतीय नागरिकहरुलाई सकेसम्म सहयोग गर्ने सल्लाह दिएको छ। अमरीकामा भारतीय दूतावासले इच्छुक भारतीय नागरिहरुको सहायताको लागि एक आपातकालीन सहायता नंबर जारी गरेको छ। भारतीय दूतावासले सोशल मीडिया पोस्टमा भनेको छ कि भारतीय नागरिक हरुले मोबाइल नंबर +1-2 0 2-5 5 0-9 9 3 1 मा कॉल अनि व्हाट्सएप गर्न सक्नेछन्।

**सेवापर्व-आसान कर और सुनिश्चित पेंशन**

प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा जनसेवा अनि सुशासनको भावना लिएर सरकारले परिवर्तन अनि प्रगतिको लागि लगातार प्रयास गरिरहेको छ। **सेवा पर्वको** विशेष श्रृंखलामा आज हामी चर्चा गरिरहेका छौ कि मोदी सरकारले कसरी कर राहत अनि सुनिश्चित पेंशन प्रदान गरेको छ।

**Byte**

**नड्डा- मोहनलाल**

केंद्रीय मंत्री अनि भाजपा अध्यक्ष जेपी नड्डाले दादा साहब फाल्के पुरस्कारको लागि चुनिएकोमा दिग्गज अभिनेता मोहनलाललाई बधाई दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा श्री नड्डाले भन्नुभयो - मलयालम सिनेमामा मोहनलालको दशकौ सम्मको उल्लेखनीय योगदान अनि धैरे क्षेत्रीय फिल्महरुमा गर्नुभएको कामले उहालाई भारतको सबै भन्दा प्रिय अभिनेताहरु मद्धे एक बनाएको छ।

**मौसम विभाग**

मौसम विभागले आज असम, मेघालय, नागालैंड, मणिपुर, मिज़ोरम, त्रिपुरा अनि तेलंगानामा बेग्ला -बेग्लै स्थानहरुमा भारी वर्षा हुने संभावना व्यक्त गरेको छ। विभागका अनुसार, दक्षिण-पश्चिम मध्य प्रदेश, उप-हिमालय पश्चिम बंगाल, सिक्किम, बिहार, पूर्वी उत्तर प्रदेश अनि पूर्वी राजस्थानमा आज हल्का देखि मध्यम वर्षा हुने आशा छ। मौसम विभागले आंध्र प्रदेश, कर्नाटक, झारखंड, ओडिशा, सिक्किम अनि अंडमान निकोबार द्वीप समूहमा आगामी तीन देखि चार दिनहरु सम्म गर्जन साथ बिजुली चम्किने अनि तिब्र हावा सितै वर्षा हुने अनुमान ब्येक्त गरेको छ।

**क्रिकेट**

एसिया कप टी–२० क्रिकेटको सुपर फोरको दोस्रो खेलमा आज भारत र पाकिस्तान भिड्दै छन्। खेल भारतीय

समयअनुसार राति आठ बजे सुरु हुनेछ। यी दुई टोलीबीचको यो दोस्रो खेल हो। समूह चरणको खेलमा भारतले पाकिस्तानलाई सात विकेटले पराजित गरेको थियो। आजको खेलमा विजेता टोली फाइनलमा प्रवेश गर्नेछ। गए राति भएको सुपर फोरको पहिलो खेलमा बंगलादेशले श्रीलंकालाई चार विकेटले पराजित गरेको छ। श्रीलंकाले दिएको १६९ (169) रनको लक्ष्यलाई पछयाउदै बंगलादेशले १ बल बाँकी रहदानै ६ विकेट गुमाएर लक्ष्य पूरा ग¥यो।